# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: १०) |

### भाग-१

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## हरियाली प्रवर्द्धन कोष सञ्चालन ऐन, २०८२

**प्रस्तावना**

बर्दघाट नगरपालिकाको वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, वृक्षरोपण, जैविक विविधता संरक्षण तथा दिगो विकासलाई प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम "बर्दघाट नगरपालिका हरियाली प्रवर्द्धन कोष, २०८२" स्थापना तथा सञ्चालन गर्न बर्दघाट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## १: संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "बर्दघाट नगरपालिका हरियाली प्रवर्द्धन कोष सञ्चालन ऐन, २०८२" रहनेछ।
(२) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

## २: परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिका सम्झनु पर्छ।
(ख) "कोष" भन्नाले हरियाली प्रवर्द्धन कोष सम्झनु पर्छ।
(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।
(घ) "हरियाली कार्यक्रम" भन्नाले वृक्षरोपण, हरित क्षेत्र विकास, पार्क, उद्यान, जैविक संरक्षणसम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

## ३: कोषको स्थापना

बर्दघाट नगरपालिकामा "हरियाली प्रवर्द्धन कोष" स्थापना गरिनेछ।

## ४: कोषको स्रोत

कोषमा देहायबमोजिमका रकम जम्मा हुनेछन्ः
(क) नगरसभाबाट विनियोजित रकम
(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान
(ग) दण्ड-जरिवाना तथा शुल्कबाट प्राप्त रकम
(घ) संघसंस्था, व्यक्ति तथा दाताबाट प्राप्त सहयोग
(ङ) बर्दघाट नगरपालिकाको विनियोजन ऐनमा तोके वमोजिम हुनेछ ।

## ५: कोषको सञ्चालन

(१) कोषको सञ्चालन नगर कार्यपालिकाको निर्णयअनुसार हुनेछ।
(२) कोषको रकम छुट्टै बैंक खातामा जम्मा गरिनेछ।

**६: कोष प्रयोगका क्षेत्र**

कोषको रकम देहायका कार्यमा प्रयोग गर्न सकिनेछः

(क) वृक्षारोपण तथा संरक्षण

(ख) हरित पार्क, उद्यान विकास

(ग) विद्यालय तथा सामुदायिक हरियाली कार्यक्रम

(घ) नर्सरी स्थापना तथा सञ्चालन र वृक्षारोपण गर्न अन्य निकाय/समुदायसँग साझेदारी गर्न सक्नेछ

(ङ) अन्य वातावरण संरक्षणसम्बन्धी कार्य

(च) कोषको रकम वृक्षारोपण र विरुवा हुर्काउने सम्बन्धि कार्य वाहेक पूर्वाधार तथा अन्य क्षेत्रमा लगानी गरिनेछैन ।

**७: दण्ड जरिवानाः**

नगरपालिकाले कोषको रकम प्रयोग गरी वा अन्य श्रोतबाट गरिएको वृक्षारोपण, नर्सरीस्थापना, उद्यान, पार्क लगायतका हरियाली प्रवर्द्धन कार्यक्रममा विरुवा नष्ट गरेमा क्षति मूल्याङ्कनको दोव्वर जरीवाना गरिनेछ ।

**८: लेखा तथा लेखापरीक्षण**

(१) कोषको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ।

(२) कोषको वार्षिक लेखापरीक्षण गरिनेछ।

**९: अनुगमन तथा मूल्याङ्कन**

कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन नगरपालिकाले गर्नेछ।

**१०: बाधा अड्काउ फुकाउने अधिकार**

यस ऐन कार्यान्वयनमा कुनै बाधा परेमा नगर कार्यपालिकाले फुकाउनेछ।

**११. ऐनको संशोधन र कार्यान्वयनः**

(१) यस ऐनलाई नगरसभाले आवश्यक परेमा संशोधन गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, कार्यविधि, मापदण्ड र निर्देर्शिका कार्यपालिकाले बनाउन सक्नेछ ।

**१२. बचाऊ र खारेजीः**

(१) यस ऐनमा व्यवस्था भएका कुराहरुको हकमा यसै ऐन वमोजिम हुनेछ र यस ऐनमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचानल ऐन, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा नगरसभाले कोषलाई खारेज गर्न सक्नेछ ।

(३) यस अघि यस कोषबाट भए/गरेका खर्च रकम यसै ऐन वमोजिम खर्च भएको मानिनेछ ।

**आज्ञाले,**

**(बाबुराम पौडेल)**

**प्रमुख प्रशासकीय अधिकृत**